विनयी त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

दुम्किबास,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२७

तेस्रो पटक प्रकाशित मिति २०८१/०९/१७

तेस्रो पटक प्रकाशित मिति २०८१/१०/२६

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस विनयी त्रिवेणी गाउँपालिका आर्थिक ऐन, २०७४ को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/०६/२१ गतेको निर्णय तथा जिल्ला विपद् समितिको निर्णयानुसार खोला खण्डको बगर क्षेत्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदीजन्य पदार्थ तपशिल बमोजिम डम्पिंगभएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल:**

| आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 06/NCB/Rev/BT/2081-082 | पुल माथि, मझुवा र मसानमझुवा | मसानमजुवा देखि खुम्वारीसम्म | ५२३६.४१ | १६६४५५०.०० | ४९९३०.०० | ३०००.०० | |

**शर्तहरु:**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा **सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना तेस्रो पटक प्रकाशन भएको मितिले २०८१/११/०४ गते १२:०० बजे सम्म कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। ताकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालय बाट सम्बन्धि कागजातहरु खरिद गरि पेश गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको **सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको धरौटी खाता नं. ००८१५१५३३२६** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तेस्रो पटक सुचना प्रकाशित भएको मितिले २०८१/११/०४ गतेका दिन दिनको १२:०० बजे भित्र कार्यालयमा बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/११/०४ गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको

**Suman Pandit**
**Chief Administrative Officer**

Scanned with CamScanner

प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/१०/२८ गतेका दिन दिनको १:०० बजे बिनयी त्रिवेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको **तेस्रो किस्तावापत ५० प्रतिशतले** हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। **तेस्रो किस्ता** वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल भाद्र मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। **तेस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ।** साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**Suman Pandit**
**Chief Administrative Officer**

Scanned with CamScanner